(आ.व. २०८०/०८१ बैठक नं. ९)

आज मिति २०८०/९/२० गते शुक्रबारका दिन रत्ननगर नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक नगरप्रमुख श्री प्रलाद सापकोटा ज्युको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीज्युहरुको उपस्थितीमा बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

| क्र.स. | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १. | नगरप्रमुख | श्री प्रलाद सापकोटा | |
| २. | नगर उपप्रमुख | श्री यादव प्रसाद पाठक | |
| ३. | वडा अध्यक्ष वडा नं. १/प्रवक्ता | श्री कुल प्रसाद सापकोटा | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री राजेन्द्र प्रसाद घिमिरे | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री सोहेन्द्र राज खरेल | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री राम कुमार चौधरी | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री बालकृष्ण चापागाई | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री किरण महत्तो | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री सजना महत्तो | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री कृष्ण चौधरी | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री अनन्त अधिकारी | |
| १२. | वडा अध्यक्ष वडा नं. १० | श्री कलाधर पौडेल | |
| १३. | वडा अध्यक्ष वडा नं. ११ | श्री श्याम कुमार श्रेष्ठ | |
| १४. | वडा अध्यक्ष वडा नं. १२ | श्री सुन्दरमणी सुवेदी | |
| १५. | वडा अध्यक्ष वडा नं. १३ | श्री पोट बहादुर घिमिरे | |
| १६. | वडा अध्यक्ष वडा नं. १४ | श्री होमनाथ रानाभाट | |
| १७. | वडा अध्यक्ष वडा नं. १५ | श्री आसिक तामाङ्ग | |
| १८. | वडा अध्यक्ष वडा नं. १६ | श्री हेमराज थापा | |
| १९. | कार्यपालिका सदस्य | श्री बबिता चौधरी | |
| २०. | कार्यपालिका सदस्य | श्री यसोदा अधिकारी पौडेल | |
| २१. | कार्यपालिका सदस्य | श्री चन्द्रकला पनेरु | |
| २२. | कार्यपालिका सदस्य | श्री सुकमाया वि.क. | |
| २३. | कार्यपालिका सदस्य | श्री सानु भण्डारी बस्नेत | |
| २४. | कार्यपालिका सदस्य | श्री राजेन्द्र परियार हमाल | |
| २५. | कार्यपालिका सदस्य | श्री देवेन्द्र भुजेल | |
| २६. | कार्यपालिका सदस्य | श्री राम बहादुर रिमाल | |
| २७. | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | श्री सुकदेव लम्साल | |

अन्य उपस्थिती

नगर शिक्षा अधिकारी- श्री नारायण प्रसाद वाग्ले

विज्ञ सल्लाहकार - श्री रामहरि न्यौपाने

CamScanner

## मिति २०८०/९/२० गते बसेको कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. १**

मिति २०८०/८/१० गते बसेको कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्थाको बिषयमा समिक्षा गरियो ।

**निर्णय नं. २**

रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, यस अन्तरगतका वडा कार्यालयहरु र स्वास्थ्य संस्था समेतमा सेवा प्रवाहका स्थितिका बिषयमा छलफल गरियो हाल सम्मको अवस्था सन्तोषजक रहेको पाईयो सेवा प्रवाहलाई अझ बढी प्रभावकारी बनाउँदै लैजाने निर्णय गरियो ।

**निर्णय नं.३**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८०/८/२४ गतेको च.नं. २९४९५ को सुझाव कार्यान्यिवनको सम्बन्धमा प्राप्त पत्र बमोजिका सुझाहरु बैठकमा पेश भई बिषयमा जानकारी भयो सो सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

स्थानीय तह संस्थागत क्षमता स्व: मुल्यांकन कार्यविधि २०७७ र वित्तीय सुशासन जोखिम मुल्यांकन कार्यविधि २०७८ ले जारी गरेका सुचकहरुको बिषय जानकारी भयो तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमा अपलोड गर्नुपर्ने कागजातहरु तोकिएको समयसिमा भित्र अपलोड गर्ने र प्राप्ताङ्क सार्वजनिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

विद्यायन समितिबाट पेश भएका तपसिल बमोजिमका कार्यविधि र निर्देशिका नगर सभामा पेश गर्ने प्रयोजनको लागि पारित गर्ने निर्णय गरियो ।

१. रत्ननगर नगरपालिकाको ज्येष्ठ नागरिक सञ्जाल संचालन कार्यविधि , २०८०

२. बाल समुह/सञ्जाल गठन तथा सहजिकरण निर्देशिका, २०८०

**निर्णय नं. ६**

मेयर कप खेलकुद प्रतियोगिताको लागि अपुग रकम रु.१५००००/- (एक लाख पचास हजार मात्र) जिल्ला तथा प्रदेश खेलकुद कार्यक्रम शिर्षकबाट रकमान्तर गरी खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं.७**

रत्ननगर नगरपालिकाका नगर प्रमुख लगायत सम्पूर्ण जनप्रतिनिधिहरु नगर कार्यपालिका कार्यालय अन्तरगतका वडा र स्वास्थ्य कार्यालयको तर्फबाट कानुनी परामर्श र बहस पैरवीका लागि अधिवक्ता दिवाकर अर्याललाई बहस पैरबीका बखत नियमानुसार सेवा सुविधा पाउने गरी मिति २०८०/९/२२ गते देखि लागु हुने गरी कानुनी सल्लाहकारका रुपमा नियुक्ति गर्ने निर्णय गरियो ।

क्रमश:

**निर्णय नं.८**

नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालनका लागि नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० बमोजिम यस आ.व. २०८०/०८१ मा कार्यक्रम संचालनको लागि कार्यविधिको दफा (४०) २ यस नगरपालिका समेत छनोट भएकाले सोही कार्यविधिको दफा ४२ बमोजिम रु.१००००००/- (एक करोड) सम्मको कार्यक्रम लागि २५% ले हुन आउने रकम रु.२५०००००/- (पच्चिस लाख मात्र) यस नगरपालिकाबाट साझेदारी गर्ने प्रतिवद्धता गरियो ।

**निर्णय नं.९**

रत्ननगर नगरपालिकाको नगर सभा को १४ अधिवेशन मिति २०८०/०९/२५ गते रत्ननगर नगरपालिकाको सभाहलमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

रत्ननगर नगरपालिका वडा नं.१५ निवासी श्री मिरा परियारको श्रीमान मिठे परियार अचानक लडी हात भाच्चिएको र घरायसी आर्थिक अवस्था ज्यादै कमजोर भई उपचारमा समस्या भएकाले निजको उपचारका लागि अन्य आर्थिक सहायता शिर्षकबाट व्ययभार हुने गरी रु.२००००/- (बिस हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

रत्ननगर नगरपालिका वडा नं. १४ लालिगुराँस टोल अन्तरगत सामुदायिक भवन निर्माणका लागि अन्य विविध पूर्वाधार निर्माण शिर्षकबाट व्यायभार हुने गरी रु.२,००,०००/- **(दुई लाख मात्र)** विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२**

गरिबी र आर्थिक अभावका कारण शुल्क बुझाउन नसकेका भुवानीशंकर बहुमुखी कलेजमा कक्षा ११ मा होटल म्यानेजमेन्टमा अध्ययनरत भानु नगरपालिका १० तनहुँ निवासी प्रविन डैलियाको अध्ययन शुल्क बापत रु.२००००/- (बिस हजार मात्र) यस नगरपालिकाको अन्य आर्थिक सहायता शिर्षकबाट व्ययभार हुने गरी भुवानीशंकर बहुमुखी कलेजलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१३**

रत्ननगर नगरपालिका वडा नं.१३ स्थित लौरीघोल टोल अन्तरगत पर्ने लौरीघोल स्कुल भित्र रहेको ब्याडमिन्टन कोर्ट निर्माणका लागि अन्य विविध पूर्वाधार निर्माण शिर्षकबाट व्ययभार पर्ने गरी रु.५००००/- (पचास हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४**

रत्ननगर नगरपालिका वडा न.७ शिशुवार सभा हल नजिक रहेको सानो टहरा सभा हलको शोभा बढाउनको लागि भत्काउनु पर्ने भएकाले सो टहरा भोगचल गर्दै आएका रनपा -८ निवासी आर्थिक अवस्था कमजोर भएका श्री मिनराज लामाको टहरा निर्माणका लागि नगर प्रमुखसँग विपन्न कार्यक्रम शिर्षकबाट व्ययभार हुने गरी रु.५००००/- (पचास हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

क्रमश:

CamScanner

**निर्णय नं.१५**

प्रधानमन्त्री रोजगार कार्यक्रमका आ.व.२०८०/०८१ लागि तपसिल बमोजिमका रोजगारमुलक आयोजनाहरु छनोट गरी संचालन गर्ने निर्णय गरियो।

१. राजमार्ग, बजार क्षेत्र सरसफाई तथा सुन्दरीकरण (१,२,३,९ र १०)
२. वडाका विभिन्न स्थानहरुमा वृक्षारोपण तथा सरसफाई (आवश्यकता अनुसार वडा कार्यालयको सिफारिस बमोजिम)
३. सामुहिक कृषि खेती (वडा नं.३)
४. संचाई कुलो मर्मत तथा सरसफाई ( आवश्यकता अनुसार वडा कार्यालयको सिफारिस बमोजिम

**निर्णय नं.१६**

रत्ननगर नगरपालिका वडा नं.१५ गणेश टोल निवासी श्री कमल बहादुर खड्काको छोरा श्री खुम बहादुर खड्काको खुट्टा भाच्चिएको र निजको आर्थिक अवस्था ज्यादै कमजोर भएको भनि १५ नं. वडा कार्यालयको सिफारिस सहित आर्थिक सहायता माग भई आएकाले निजको उपचारका लागि अन्य आर्थिक सहायता शिर्षकबाट व्ययभार पर्ने गरी रु.२००००/- (बीस हजार मात्र) उपचार खर्च सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं.१७**

रत्ननगर नगरपालिका वडा नं.१६ मा रहेको जनचेतना आमा समुह र वनदेवी आमा समुहको लागि बाजा खरिदका लागि अपुग रकम रु. १६४०००/- (एक लाख चौसठ्ठी मात्र) नगर प्रमुख विविध प्रवर्द्धनात्मक कार्यक्रम शिर्षकबाट व्ययभार हुने गरी बजेट विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं.१८**

रत्ननगर नगरपालिकामा कार्यरत केही कर्मचारीहरुको कार्य सम्पादन प्रक्रिया प्रचलित कानुन बमोजिम भएको नपाईएको भनि जनप्रतिनिधिबाट गुनासो आएकाले उक्त बिषयमा छानविनका लागि नगर उप प्रमुखको संयोजकत्वमा तपसिलको ३ (तिन) सदस्सीय छानविन समिति गठन गर्ने र छानविन प्रतिवेदन तयार गरी नगर प्रमुख समक्ष पेश गर्नका लागि निर्देशन दिने निर्णय गरियो।

तपसिल

श्री यादव प्रसाद पाठक (नगर उप प्रमुख) – संयोजक

श्री कलाधर पौडेल (वडा अध्यक्ष वडा नं.१०, सुशासन समिति संयोजक) – सदस्य

श्री सुकदेव लम्साल (प्रमुख प्रशासकीय अधिकृत ) – सदस्य

**निर्णय नं.१९**

युगज्योती प्रकाशन प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय साप्ताहिक युगदर्शन को बर्ष १५ अंक १२ मा रत्ननगर नगरपालिकाको सूचना प्रकाशन बापत रु.२५०००/- (पच्चिस हजार मात्र) पत्रपत्रिका छपाई शिर्षकबाट व्ययभार हुने गरी खर्च लेख्ने निर्णय गरियो।

क्रमश:

CamScanner